# शीआको वास्तविकता

[ नेपाली - Nepali - نيبالي ]


लेखकः

अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी



2014 - 1435

IslamHouse.com

# حقيقة التشيع

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले शीआ ग्रुपको बारेमा लेख्ने सहास गरेको छु जसलाई हाम्रो देशमा र छिमेकी देशहरूमा मुसलमान मानिन्छ । तर उनीहरूको वास्तविकता के हो ? के उनीहरू मुसलमान मध्येका हुन् ? यो किताबको अध्ययन पश्चात तपाईलाई स्वतः ज्ञान हुनेछ, र फेरि आफै फैसला गर्नुहोला । मैले यस पुस्तकमा उनीहरूको बारेमा र उनीहरूको आस्थाको बारेमा संक्षेपमा कुरा

गरेको छु, ताकि हाम्रा देशबासीहरूलाई र विशेष गरी मुसलमानहरूलाई उनीहरूको बारेमा वास्तविक ज्ञान होस्, र यस ग्रुपको वास्तविकता थाहा होस् । र मैले लेखेको समस्त कुराहरूमाथि सत्यतामा आधारित प्रमाणहरू पनि प्रस्तुत गरेको छु, र संदर्भ सामग्री पनि प्रस्तुत गरेको छु । र खास गरी उनीहरूको आस्थालाई उनीहरूको पुस्तकहरूद्वारा नै प्रमाणिकरण गरेको छु, र यसको साथै सबैकुरालाई कुरआन र हदीसको प्रकाशमा प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**
**तौलिहवा कपिलवस्तु नेपाल**
**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9727649238**

# शीआको आरम्भ

शीआको आरम्भ रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा नै भइसकेको थियो, र यो यसरी कि केही सहाबाहरू ( रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू ) हजरत अली रजिअल्लाहो अन्होसित अति प्रेम र स्नेह गर्न थालेका थिए त उनीहरूलाई **शीअतो अली** भनिन्थ्यो । र ती सहाबीहरू मध्ये केही नम्नि हुन् !

१- हजरत अबूजर गेफारी रजिअल्लाहो अन्हो ।

२- हजरत सलमान फारसी रजिअल्लाहो अन्हो ।

३- हजरत मिकदाद बिन अस्वद रजिअल्लाहो अन्हो ।

४- हजरत अम्मार बिन यासिर रजिअल्लाहो अन्हो ।

५- हजरत जाबिर बिन अब्दुल्लाह रजिअल्लाहो अन्हो ।

६- हजरत हुजैफा बिन यमान रजिअल्लाहो अन्हो ।

७- हजरत बिलाल बिन अबी रबाह रजिअल्लाहो अन्हो ...... आदि । ( तब्कातु इब्ने सअद, अकाइदुस्सुन्नह वश्शीआ, सवातेह अलवरदानी, खुततुश्शाम ५/२५१, इज्वाअ् अला अकाइदिश्शीआ अल् इमामीयह लिश्शैख जअ्फर अस्सिजिस्तानी पे. २९ )

त रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवन कालमा र त्यसपछि पनि यस्तो प्रेम र स्नेह गर्नुमा कुनै आपत्ति थिएन नत हुनै सक्छ किनकि कसैसित प्रेम गर्नु कुनै पाप होइन । र यो इस्लामीय विधान अनुकूल छ, यसै कारण कसैले पनि यसकार्यमा कुनै प्रकारको आपत्ति जनाएनन् ।

तर समयको साथ शीआको प्रेम र स्नेहले आर्को रूप धारण गऱ्यो र उनीहरूको कार्यशैलीमा परिवर्तन आउँदै गयो । र जब हजरत उसमानको शासन काल आयो त यिनीहरूमा केही मुनाफिकहरू (कपटीहरू) पनि शम्मिलित भएर केही इस्लाम विरोधी तथ्यहरूलाई पनि मिश्रित गरिदिए जुन हजरत उसमानको शहादतको कारण बन्यो । र हजरत उसमानको शहादत पश्चात यो ग्रुप एउटा आर्को रङ्गमा जाहेर भयो । र शीआहरू मुख्य तीन गुटमा विभाजित भए । तात्पर्य योकि समयको साथ साथै यिनीहरूको

आस्थामा परिवर्तन आउँदै गयो र यिनीहरूले इस्लामलाई छाडी यहूदी र ईसाईहरूको धर्म निर्देशनहरूलाई आफ्नो आस्थामा थप्दै गए । र यिनीहरूको गुरु अब्दुल्लाह बिन सबा यहूदीले जुन बहुदेववादको बिऊ यिनीहरूको बीचमा संचकृत गरेको थियो त्यो रुखको रूपमा जाहेर भयो, त यिनीहरूले एकेश्वरवादलाई छाडी पूर्णतः बहुदववादी बने र सहाबालाई गाली गरे रसूललाई गाली गरे र जीब्रीललाई पनि गाली गरे । यसबारेमा विस्तृत जानकारीको लागि निम्नका पुस्तकहरूको अध्ययन गर्नुहोस् : ( उसूलुल फेरक वल अदियान वल मजाहिबिल फिक्रीया ले सफर बिन अब्दुर्रहमान अल हवाली, असलुश्शीआ व उसूलोहा अल फुर्कान प्रकाशन केन्द्रबाट प्रकाशित भएको संकलन, हवीयतुत्तशीयूअ्, तारीखुस्सुन्ना वश्शीआ लखके स्वालेह अल वरदानी, अज्वाअ् अला अकाइदिश्शीआ अल इमामीयह लखके शैख जअ्फर अस्सिजिस्तानी)

र मैले यस पुस्तकमा शीआ भनेमा त्यसको अर्थ शीआ इमामीया अर्थात बारहवटा इमाम मान्ने शीआ ग्रुप नै दर्शाउँछ किनकि उनीहरू नै यस विश्वमा सबै शीआ ग्रुपहरू मध्ये अधिक संख्यामा छन्, र उनीहरूको क्षत्रछायामा नै अरु

ससाना ग्रुपहरू छन् । र ईरानमा यिनैको सरकार पनि छ, यसैकारण यसैको बारेमा म कुरा गर्ने छु र त्यसैमा सबै ससाना शीआ ग्रुपहरू शम्मिलित हुनेछन् ।

# शीआको अर्थ

शीआ, अशशीआ, तशैयुअ् यी तीन शब्दहरू एउटै शब्दबाट निष्कासित भएका छन् र एउटै अर्थलाई दर्शाउँछन् र शीआ अरबी भाषको शब्द हो जसको शाब्दिक अर्थ हो: सहायता गर्नु, अनुशरण गर्नु, ग्रुप......आदि ।

तर शीआहरू आफ्नो नाम शीआ त राखेका छन् तर उनीहरू यसनामका अधिकारी छैनन्, किनकि उनीहरूले नत आले बैत अर्थात मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका घरपरिवारको सहायता गरे नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिमा नै हिंडे नत उहाँको अनुशरण नै गरे । बरु कतिपय शीआले इब्ने सबा यहूदीको अनुशरण गरे, त कतिपयले हजरत अलीलाई पूज्य ठाने, त कतिपयले सहाबाहरूलाई काफिर भने । र शीआ शब्द प्रशंसाको लागि नत कुरआनमा प्रयोग गरिएको छ नत हदीसमा बरु यो शब्द अपमानित र घृणित समूहहरूको लागि प्रयोग गरिएको छ जस्तोकि अल्लाहको फर्मान छ :

إِنَّ ٱلَّذِينَ فَرَّقُواْ دِينَهُمْ وَكَانُواْ شِيَعًا لَّسْتَ مِنْهُمْ فِي شَيْءٍۚ
إِنَّمَآ أَمْرُهُمْ إِلَى ٱللَّهِ ثُمَّ يُنَبِّئُهُم بِمَا كَانُواْ يَفْعَلُونَ ١٥٩ ﴾

الأنعام: ١٥٩

अर्थ : नि:सन्देह जुन मानिसहरूले आफ्नो धर्मलाई धेरै भागमा विभाजित गरे र स्वयं समूहमा विखण्डित भए, तिनीहरूसित तपाइको कुनै सम्बन्ध छैन । तिनीहरूको हिसाब किताब अल्लाहको जिम्मामा छ । उसैले तिनीहरूलाई बताई दिने छ, के कति तिनीहरूले गरेका छन् ।" ( सूरतुल् अनआम १५९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ فِرْعَوْنَ عَلَا فِي ٱلْأَرْضِ وَجَعَلَ أَهْلَهَا شِيَعًا يَسْتَضْعِفُ طَآئِفَةً مِّنْهُمْ يُذَبِّحُ أَبْنَآءَهُمْ وَيَسْتَحْيِۦ نِسَآءَهُمْ ۚ إِنَّهُۥ كَانَ مِنَ ٱلْمُفْسِدِينَ ٤ ﴾ القصص: ٤

अर्थ : नि:सन्देह फिरऔनले धरतीमा अट्टेरिपना गरी आएको थियो र त्यहाँका मानिसहरूलाई अनेक समूहमा विभाजन गरी एउटा समूहलाई कमजोर पारिसकेको थियो । त्यसले उनीहरूका छोराहरूलाई मारिदिन्थ्यो र उनीहरूका छोरीहरूलाई जीवित रहन दिन्थ्यो निश्चय नै त्यो उपद्रव गर्नेहरू मध्येको थियो । ( सूरतुल कसस ४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلَقَدۡ أَهۡلَكۡنَآ أَشۡيَاعَكُمۡ فَهَلۡ مِن مُّدَّكِرٖ ٥١ ﴾ القمر: ٥١

अर्थ : र हामीले तिमी जस्ता मानिसलाई विनष्ट गरिसकेका छौं, त कोही छ जो नसीहत प्राप्त गरिहालोस् । ( सूरतुल् कमर ५१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ مِنَ ٱلَّذِينَ فَرَّقُواْ دِينَهُمۡ وَكَانُواْ شِيَعٗاۖ كُلُّ حِزۡبِۢ بِمَا لَدَيۡهِمۡ فَرِحُونَ ٣٢ ﴾ الروم: ٣٢

अर्थ : उनीहरू मध्येबाट जसले आफ्नो धर्मलाई टुक्रा-टुक्रा गरिदिए र स्वयम् पनि समूह-समूह ( मा विभाजित) भए, प्रत्येक समूह आफूसंग भएको चीज-वस्तुमा प्रसन्न छ । ( सूरतुर्रूम ३२ )

र शीआहरूले आफ्नो अधिकतम् आस्थाहरू फारस र रोमबाट लिएका छन्, र त्यसलाई इस्लामीय आस्थामा मिसाएर एउटा आर्को आस्था र धर्म तयार पारेका छन्, जसको सम्बन्ध इस्लामसित कदापि छैन नत कुनै सरोकार छ । र यसकुराको पुष्टिकरणको लागि शीआहरूले नै लेखेका निम्न किताबहरूको अध्ययन गर्नुहोस् ! ( अलमकालात वल् फेरक लिल कुम्मी पे.नं. २०,

फेरकुश्शीआ लिन्नौबख्ती पे. २२, रेजालुल कश्शी पे. १०८ )
र शीआहरूको अविष्कारी अब्दुल्लाह बिन सबा यहूदी हो जस्तोकि यसको विस्तृत जानकारी मैले आफ्नो किताब **“इस्लामसित संलग्न केही पथभ्रष्ट समूहहरूको वर्णन**” मा गरेको छु यसबारे अधिक जानकारीको लागि उपरोक्तको मेरो लेखको अध्ययन गर्नुहोस् ।

# वर्तमान कालमा सर्वप्रसिद्ध गुटहरू

शीआहरूका अनेकौं गुटहरू छन् तर वर्तमान कालमा सर्वप्रसिद्ध तीनवटा ग्रुपहरू छन् :

१- इस्माईलीया ।

२- जैदीया ।

३- इस्नय अशरीया ।

र यी तीन मध्ये इस्नय अशरीया सबैभन्दा प्रसिद्ध र सबैभन्दा धेरै र अधिक संख्यामा छन् । ( अल् फसल लेइब्ने हज्म ५/३८ )

यसले गर्दा मेरो कथन र कुरा यसै समूहको बारेमा हुनेछ, र शीआ वा राफेजा भनेमा यसै समूहको बोध हुनेछ ।

# इब्ने सबा यहूदीले शीआका आस्थाहरूमा के के बिदअत र कार्यहरू अविष्कार गऱ्यो वा मिसायो

इब्ने सबा यहूदीले नै मुसलमानहरू बीच जमलको दिन युद्ध गरायो, जबकि मुसलमानहरूका दुवै समूह सन्धितर्फ लागेका थिए । त यसै दुष्टले दुवै ग्रुप बीच पुनः युद्धको ज्वाला दन्कायो, र यसले नै शीआहरूलाई पथभ्रष्ट र पथभ्रमित गऱ्यो । म तपाईहरू समक्ष केहीलाई उदाहरणस्वरूप राख्ने प्रयास गर्दछु ।

१- इब्ने सबाले भन्योकि यो पवित्र कुरआन जुन आज हाम्रो हातमा छ त्यो कुरआन ९ भाग मध्ये एक भाग मात्र हो । र पूर्ण नौंवटै भाग मात्र हजरत अलीसंग छ, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले हजरत अलीलाई गोप्य ज्ञानको लागि विशिष्ट गर्नु भएको थियो ।

तर हजरत अली रजिअल्लाहो अन्होले त्यसै समय यस पापीको कथनको खण्डन गर्नु भएको थियो, र भन्नु भएको थियो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियोकि प्रलय सम्म कम्तिमा ३० झूठा र दज्जालहरू ( पाखण्डीहरू) जाहेर हुनेछन् त यो व्यक्ति ती मध्ये एक हो यस्तो मलाई प्रतीत हुन्छ ।

२- इब्ने सबाले भन्यो: कि हजरत अली रजिअल्लाहो अन्हो नै पूज्य र ईश्वर हुन् । अनि शीआहरूले यस पापीको यसकुरामा विश्वास गरेर हजरत अलीको ढोका निकट पुगेर भने: के तपाई त्यही हुनुहुन्छ ? त हजरत अलीले सोधे तिमीहरूको कथनको तात्पर्य र अर्थ के हो ? त उनीहरूले भने के तपाई नै ईश्वर र परम् पूज्य हुनुहुन्छ ? अनि हजरत अली यो कुरो सुनेर क्रोधित भए र प्रयाश्चितको लागि उनीहरूलाई तीन दिनको मोहलत दिए, अनि उनीहरूलाई आगोद्वारा जलाएर मार्ने आदेश दिए । किनकि उनीहरूले जघन्य अपराध गरेका थिए ।

३- अबूबक्र र उमर एवं उसमान र हजरत आइशालाई गाली गर्ने र उनीहरूलाई काफिर भन्ने कुराको अविष्कारी पनि अब्दुल्लाह बिन सबा उहूदी नै हो ।

तर जब यसकुराको समाचार हजरत अलीलाई पुग्यो त उहाँ क्रोधित भएर यो आदेश गरे कि यस कपटीलाई देश निकाला गरियोस् । अनि त्यसलाई मदाइनतर्फ जाने आदेश गरियो । अनि त्यो षडयन्त्री मदाइन गएर त्यहाँ आफ्नो षडयन्त्र फिजाउन थाल्यो । ( उसूलुल् फेरक वल अदियान वल मजाहिबुल् फिक्रीया लेशैख सफर बिन अब्दुर्रहमान हवाली पे.नं. ३६,३७ )

# पवित्र कुरआनको बारेमा शीआहरूको आस्था

शीआहरूको यो आस्था छ कि कुरआनको गोप्य अर्थ छ जुन शब्दद्वारा जाहेर भएको अर्थको विपरित छ, जस्तोकि अनवारुल बेहार नामक पुस्तकमा त्यसको लेखकले एउटा अध्याय नै यस नामले कायम गरेका छन् र त्यसको शीर्षक यस्तो छ " **अध्याय निःसंदेह कुरआनका जाहेर र गोप्य अर्थहरू छन्**" ( उसूलुल काफी १/३७४, अल् बेहार १९/३०, तफ्सीरुल् अयाशी २/१६, तफ्सीरुस्साफी १/२९ )

र शीआहरू पवित्र कुरआनका श्लोकका अर्थहरूको व्याख्या पनि विचित्र तरिकाले गर्छन् जस व्याख्याको दूर दूरसम्म कुरआनको अर्थबाट कुनै संलग्नता नै हुँदैन । उदाहरणको लागि तपाई पनि हेर्नुहोस् !

निम्नका आयतहरूको बारेमा शीआहरूद्वारा गरिएको व्याख्याको एक झलक हेर्नुस् !

﴿ كَمَثَلِ ٱلشَّيۡطَٰنِ إِذۡ قَالَ لِلۡإِنسَٰنِ ٱكۡفُرۡ فَلَمَّا كَفَرَ قَالَ إِنِّي بَرِيٓءٞ مِّنكَ إِنِّيٓ أَخَافُ ٱللَّهَ رَبَّ ٱلۡعَٰلَمِينَ ١٦ ﴾

الحشر: ١٦

सही अर्थ : (मुनाफिकहरूको) उदाहरण शैतानको जस्तो छ, उसले मानिस सँग भन्यो कुफ्र गर । त जब त्यो काफिर भइहाल्यो तब भन्नथाल्यो कि मलाई तिमीसित कुनै सरोकार छैन । मलाई त सारा संसारको पालनकर्तासित डर लाग्छ । ( सूरतुल् हश्र १६ )

आर्को श्लोका :

﴿ وَقَالَ ٱلشَّيۡطَٰنُ لَمَّا قُضِيَ ٱلۡأَمۡرُ إِنَّ ٱللَّهَ وَعَدَكُمۡ وَعۡدَ ٱلۡحَقِّ وَوَعَدتُّكُمۡ فَأَخۡلَفۡتُكُمۡۖ وَمَا كَانَ لِيَ عَلَيۡكُم مِّن سُلۡطَٰنٍ إِلَّآ أَن دَعَوۡتُكُمۡ فَٱسۡتَجَبۡتُمۡ لِيۖ فَلَا تَلُومُونِي وَلُومُوٓاْ أَنفُسَكُمۖ مَّآ أَنَا۠ بِمُصۡرِخِكُمۡ وَمَآ أَنتُم بِمُصۡرِخِيَّۖ إِنِّي كَفَرۡتُ بِمَآ أَشۡرَكۡتُمُونِ مِن قَبۡلُۗ إِنَّ ٱلظَّٰلِمِينَ لَهُمۡ عَذَابٌ أَلِيمٞ ٢٢ ﴾ إبراهيم: ٢٢

सही अर्थ : र जब हिसाबकिताबको फैसला गरी दिइनेछ, तब शैतानले भन्ने छः "कि वास्तवमा अल्लाहले त तिमीलाई सत्य वाचा गरेको थियो । तर मैले तिमीबाट जुन वाचाहरू गरेको थिएँ, त्यो मैले पूरा गरिनँ, मेरो तिमीमाथि कुनै दबाव त थिएन, हो मैले, तिमीलाई बोलाएँ र तिमीले मेरो कुरा मान्यौ । तिमीले ममाथि आरोप

नलगाऊ बरु तिमीहरू आफूलाई नै धिक्कार गर, म तिमीहरूलाई कुनै सहयोग गर्न सक्दिन, न तिमीहरू नै मलाई सहयोग गर्न सक्छौ । म त प्रारम्भदेखि मान्दिन कि तिमीले यस अघि मलाई अल्लाहको साझेदार ठहऱ्याई रहेका थियौ । निःसन्देह अपराधीहरूका लागि धेरै कष्टप्रद सजाय छ । ( सूरतु इब्राहीम २२ )

तर शीआ विद्वान बेहारुल् अनवारमा भनेका छन् कि उपरोक्तका दुवै श्लोकहरूमा शैतानको अर्थ हो उमर बिन खत्ताब ( रसूल सल्लल्लाहो अलैहे वसल्लमको दोस्रो उत्तराधिकारी ) ( हेर्नुस् ! बेहारुल् अनवार ३/३३८ )

तर यी मूर्खहरू यो पनि बिर्सिसकेका छन् कि हजरत उमर बिन खत्ताब त्यो व्यक्ति हुन् जसलाई हेरेर शैतान आफ्नो बाटो नै परिवर्तित गरिहाल्थ्यो । र जुन व्यक्तिद्वारा अल्लाहले इस्लामलाई बलियो र सशक्त बनायो । र तपाईलाई थाहै होला कि इस्लामको आरम्भिक कालमा मुसलमानहरूको अवस्था अति दयनीय र दुर्वल थियो, काफिरहरू मुसलमानहरूलाई नाना थरिका कष्ट दिन्थे र विभिन्न प्रकारले यातना दिन्थे । तर जब हजरत उमर रजिअल्लाहो अन्होले इस्लाम कबूल गरे अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमको त्यस याचना

पश्चात जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले अल्लाहसित यो याचना गरेका थिए कि हे अल्लाह मक्काका दुई मध्ये कुनै एउटाद्वारा इस्लामलाई शक्ति प्रदान गर । त अल्लाहले आफ्नो प्रिय रसूलको याचनालाई स्वीकार गर्दै हजरत उमरलाई यसकार्यको लागि रोजे । र हजरत उमरको हृदयलाई इस्लामको लागि खोलिदिए । र उहाँद्वारा मुसलमानहरूलाई बलशाली बनाए । त जब हजरत उमरले इस्लाम कबूल गरे त भने: हे अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लम के हामी सत्यपथमा छैनौं ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उत्तर दिनु भयो अवश्य हामी नै सत्यपथमा छौं । त हजरत उमरले भने यदि हामी सत्यपथमा छौं त केको डर, र भने: आउनुहोस् आज हामी अल्लाहको घर निकट मस्जिदे हरममा नमाज पढौंला । अनि सबै मुसलमानहरू दुई पंक्तिमा पंक्तिवद्ध भई कअ्बातर्फ हिडे यस्तो अवस्थामा कि एक पंक्तिको अगाडि हजरत हमजा थिए र आर्को पंक्तिको अगाडि हजरत उमर, रजिअल्लाहो अन्हुम अजमईन् । त यो दृश्य हेरेर मक्काका काफिरहरू आश्चर्य चकित भए र मुसलमानहरूबाट भयभीत भए । यस्तो हुनुहुन्थ्यो हजरत उमर रजिअल्लाहो अन्हो । र यति मात्र

होइन यो उमर त्यो व्यक्ति हुन् जहाँको उदगारहरूको समर्थनमा अल्लाहले पवित्र कुरआनमा कतिपय श्लोकहरू अवतरित गरेका छन् । र हजरत उमर नै त्यो महान व्यक्ति हुन् जहाँको निसाफ पूर्ण विश्वमा प्रख्यात छ । उहाँ निसाफको कर्सीमा बसे पश्चात जात कुजात एकेश्वारवादी बहुदववादीको भेदभावलाई हेर्दैनथे, बरु जुन सुकै पनि होस् त्यसलाई पूर्ण इन्साफ दिन्थे । उहाँको यस विशेषताको प्रशंसा गर्नुमा सबै समुदायका मानिसहरू विवश छन् चाहे त्यो कुनै धर्मको पनि धर्मावलम्बी किन नहोस् । र ईसाई यहूदीहरू त उहाँको निसाफलाई कदापि बिर्सन सक्दैनन् । किनकि एक दिनको कुरो हो कि एउटा यहूदी र मुसलमान बीच कुनै कुरामा विवाद उत्पन्न भयो, अनि दुवै रसूल सल्लल्लाहो अलैहे वसल्लमको समक्ष गएर अआफना दावी पेश गरे । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले यहूदीको हकमा फैसला गरे । अनि मुसलमानलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको फैसला र न्यायमा सन्तुष्टि भएन, र त्यो यहूदीलाई लिएर हजरत उमरको निकट आयो र आफ्नो अभिप्राय वर्णन गऱ्यो र निसाफको माँग गऱ्यो । तर जब यहूदी मान्छेले भन्यो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले

यसबारेमा मेरो हकमा फैसला गरिसकनु भएको छ । त हजरत उमर त्यस मुसलमान माथि क्रोधित भए अनि भने म तिम्रो फैसला अवश्य गर्ने छु। अनि आफ्नो घरमा गएर तरवार ल्याए र मुसलमानको वध गरेर भने जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको फैसला स्वीकार्य छैन त्यसलाई जीवित रहने अधिकार पनि छैन। यस्ता थिए हजरत उमर बिन खत्ताब जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमको फैसलालाई नमान्नेलाई मुसलमान मान्दैन्थे । र उहाँको निसाफको कथा धेरै लामो छ म यहाँ लेख्न सक्दैन तर मेरो भनाईको तात्पर्य यो हो कि यस्तो महान व्यक्ति जहाँ इसलामको लागि आफ्नो ज्यान पनि दिन तयार थिए र इस्लाममाथि आक्रमण गर्ने मान्छेलाई पाठ पढाउँथे यस्ता महान व्यक्तिलाई यी दुष्ट शीआहरू शैतान भन्छन् , त आफै विचार गर्नुस् कि के यिनीहरू मुसलमान हुन सक्छन् ?

किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

" من سب أصحابي فعليه لعنة الله ولعنة اللاعنين والملائكة والناس أجمعين "

अर्थ : जसले पनि मेरा साथीहरूलाई गाली गरोस् त्यसमाथि अल्लाहको धिक्कार, र फरिश्ताहरूको

पनि धिक्कार, र समस्त सृष्टिको धिक्कार । ( तब्रानी, र यसहदीसलाई शैख अल्बानीले अल् जामेउस्सगीरमा सही भन्नु भएको छ । )

त प्रष्ट यो भयोकि सहाबालाई गाली गर्नु रसूललाई गाली गर्ने सरह हुन्छ र यो कुरो शीआहरूको लागि मात्र विशेष छैन बरु जसले पनि सहाबालाई गाली गर्छ त्यो इस्लामबाट निष्कासित भयो । हेर्नुस् ( अस्सारिमुल् मस्लूल अला शातिमिर्रसूल लेशैखुल् इस्लाम इब्ने तैमिया )

र यस्तै शीआहरूको तफ्सीर तफ्सीरुल् कुम्मीमा निम्नको कुरआनी श्लोकको व्याख्यामा के भनिएको छ हेर्नुस् !

﴿ وَلَقَدْ بَعَثْنَا فِي كُلِّ أُمَّةٍ رَّسُولًا أَنِ اعْبُدُوا اللَّهَ وَاجْتَنِبُوا الطَّاغُوتَ ۖ فَمِنْهُم مَّنْ هَدَى اللَّهُ وَمِنْهُم مَّنْ حَقَّتْ عَلَيْهِ الضَّلَالَةُ ۚ فَسِيرُوا فِي الْأَرْضِ فَانظُرُوا كَيْفَ كَانَ عَاقِبَةُ الْمُكَذِّبِينَ ﴿٣٦﴾ ﴾ النحل: ٣٦

सही अर्थः हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरू अल्लाहकै पूजा गरुन्, र उस बाहेक अन्य समस्त पुज्यहरूलाई ( तागूतहरूलाई) त्यागिहालुन् अनि तिनीहरू मध्ये केही यस्ता छन्, जसलाई अल्लाहले मार्गदर्शन

गऱ्यो र केही यस्ता छन जो मार्ग बिचलनमा परे । तसर्थ तिमी स्वयम् पृथ्वीमा घुमफिर गरेर हेरिहाल कि (सत्यलाई) झूठो भन्नेहरूको परिणाम कस्तो भयो ? ( सूरतुन्नहल ३६ )

तफ्सीर कुम्मीमा तागूतको व्याखयामा भनिएको छ कि तागूतको अर्थ हो उमर बिन खत्ताब । ( तफसीरुल् कुम्मी २/११५ )

त यस श्लोकमा पनि शीआहरू हजरत उमरलाई शैतान नै भन्न खेजेका छन् । त आफै विचार गर्नुस् कि यिनीहरूको व्याख्या कति विचित्र छ यिनीहरूको यसतो व्याख्याको श्लोकबाट कुनै तालमेल नै छैन ।

र यस्तै शीआहरू निम्नको सूर:को व्याख्या कसरी गर्छन् हेर्नुस् !

﴿إِذَا جَآءَ نَصۡرُ ٱللَّهِ وَٱلۡفَتۡحُ ١ وَرَأَيۡتَ ٱلنَّاسَ يَدۡخُلُونَ فِي دِينِ ٱللَّهِ أَفۡوَاجٗا ٢ فَسَبِّحۡ بِحَمۡدِ رَبِّكَ وَٱسۡتَغۡفِرۡهُۚ إِنَّهُۥ كَانَ تَوَّابَۢا ٣﴾

النصر: ١ - ٣

सही अर्थ : जब अल्लाहको सहायता र विजय प्राप्त भइहालोस् । र तिमीले मानिसहरूको समूहमाथि समूह अल्लाहको दीन (धर्म) मा प्रवेश गरिराखेको देखी हाल्छौ । तब आफ्नो पालनकर्ताको प्रशंसाका साथ गुणगान गर र ऊ

सित क्षमायाचना गर। निश्चय नै ऊ क्षमायाचना स्वीकार गर्नेवाला छ। ( सूरतुन् नस्र १-३ )

**शीआहरूको व्याख्याः** म गवाही दिन्छु कि हाम्रा सरदार (नायक) हजरत अली रजिअल्लाहो अन्होले मुहम्मदलाई आफ्नो प्रकाशबाट सृष्टि गरे, र उहाँलाई नामाकरण गरे, र आफूलाई पनि स्वयम् नामाकरण गरे, ...... यदि हजरत अली चाहन्छन् त जाहेर हुन्छन् र यदि चाहन्छन् त अदृश्य नै रहन्छन् । र उहाँले सलमानलाई जन्माए, आफ्नो अनुहारको प्रकाश (नूर) बाट, र उहाँलाई यस्तो ढोका बनाए जुन उहाँको किताबलाई लिएर प्रचार प्रसार गर्छन्। उहाँ नै सलसबील हुन् र उहाँ नै जाबिर र जिब्रील हुन्, उहाँ नै सत्यमार्ग हुन्, र उहाँ नै समस्त जगतका पालनकर्ता हुन् ..... । उहाँले नै पाँचवटा टुहुरोलाई जन्माए, जसमध्ये पहिलो ठूलो टुहुरो मिकदाद बिन असवद अल् किन्दी हुन्, जुन प्रकाशमान तारा हुन् । र दोस्रो अबूजर गेफारी हुन्, र तेस्रो अब्दुल्लाह बिन रवाहा हुन्, र चौथो उसमान बिन मजऊन अन्नजाशी हुन्, र पाँचौं कुम्बुर बिन कादान अद्दौसरी हुन् । यी पाँचौं हाम्रा सरदार अलीका भक्त र दास हुन्, र उहाँको स्तुति गर्छन् र समस्त संसारका रचयता

र प्रचालक पनि यी पाँचौं नै हुन् ...... । ( उसूलल् फेरक वल् अदियान वल् मजमहिबिल् फिक्रीया लेखक शैख सफर बिन अब्दुर्रहमान अल् हवाली, अल् हरकातुल् बातेनीया फिल् आलमिल् इस्लामी लेखक डा. मुहम्मद अहमद अल् खतीब पे.नं.४०४ )

हेर्नुभयो यिनीहरूको व्याख्या र कुरआनको श्लोकमा दूर दूरको पनि कुनै संलग्नता देखिदैन श्लोकहरूमा कहाँ यो नामहरू छन् जुन यिनीहरूले व्याखयामा वर्णन गरेका छन् यसकुरालाई त केही नजान्ने मान्छे पनि भन्न सक्छ कि यो व्याख्या त कदापि सत्य हुनसक्दैन । त यही हो शीआहरूको वास्तविकता जुन छैन त्यसलाई आफ्नो इच्छानुसार थप्छन्, र जुन छ त्यसलाई मान्दैनन् ।

अरु हेर्नुस् शीआहरू कुरआनको यस श्लोकको बारेमा के भन्छन् :

﴿ كُلُّ مَنْ عَلَيْهَا فَانٍ ﴿٢٦﴾ ﴾ الرحمن: ٢٦

सही अर्थ : प्रत्येक प्राणी जो यस धरतीमा छ, नाशवान छ । ( सूरतुर्रहमान २६ )

**र शीआहरूको भनाई छ कि** : उनीहरूको इमामहरू आफूले चाहेमा मात्र मर्ने छन् । ( अल् काफी १/५८ )

र निम्नको श्लोकको बारेमा पनि शीआहरूको भनाई हेर्नुस्:

﴿ وَلَقَدۡ أُوحِيَ إِلَيۡكَ وَإِلَى ٱلَّذِينَ مِن قَبۡلِكَ لَئِنۡ أَشۡرَكۡتَ لَيَحۡبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ ٱلۡخَٰسِرِينَ ٦٥ ﴾ الزمر: ٦٥

सही अर्थ : (र हे मोहम्मद !) निश्चित रूपले तपाईंमाथि र तपाईंभन्दा पहिला गुज्रिसकेका ( नबीहरू) माथि वह्य पठाइएको थियो कि "यदि तिमीले शिर्क गर्‍यौं ( अल्लाहको साथमा कसैलाई साझीदार ठह्रायौ ) भने तिमीले गरेका सबैकुरा अनिवार्य रूपले व्यर्थ भइहाल्नेछन् र तिमी अवश्य नै घाटामा पर्नेवालाहरू मध्येका हुनेछौ ।" ( सूरतुज्जुमर ६५ )

र **शीआहरूको यस आयतको बारेमा भनाई छ कि:** यदि तिमीले हजरत अलीको इमामतमा कसैलाई साझीदार ठह्रायौ भने तिम्रो सबै सुकर्म खेर जानेछ । ( तफ्सीरुस्साफी ४/३२८, अल् काफी १/४२७, तफ्सीरुल् कुम्मी २/२५१ )

र शीआहरूको भनाई छ कि कुरआन हामी जस्तै सृष्टि हो, अल्लाहको वाणी होइन । तर केही शीआहरूको यो पनि भनाई छ कि कुरआन सृष्टि होइन बरु अल्लाहको साक्षात वाणी हो । (

बेहारुल अनवार ९२/११७, तफसीरुल् अयाशी १/८, रेसालुल् कश्शी पे.४९० )
र यस जस्ता अरु व्याख्याहरू शीआहरूले कुरआनका श्लोकहरूको गरेका छन् जुन कुनै मुसलमान सोच्न पनि सक्दैन, र यिनीहरूले कुरआनको व्याख्यामा जुन कुटिलता देखाएका छन् यस्तो गर्नेवाला कदापि मुसलमान हुनसक्दैन बरु त्यो मुसलमान भए तपनि इस्लामबाट निष्कासित भइहाल्ने छ । त तपाई नै विचार गर्नुस् कि यस्ता दुष्टहरूलाई कसरी मुसलमान भन्न सकिन्छ ।

# सुन्नत अर्थात हदीसको बारेमा शीआहरूको आस्था

सुन्नत र हदीसको वास्तविक अर्थ होः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेको र गरेको एवं समर्थन गरेको र उहाँको विशेषताहरूलाई भनिन्छ ।
तर शीआहरूको विचार त यसको उल्टो नै छ उनीहरूको भनाई छ किः सुन्नत र हदीसको अर्थ होः ती सबै कुराहरू जुन दोषमुक्तको मुखबाट निस्कोस् अर्थात उनीहरूका इमामहरूको मुखबाट जुन निस्कोस् । किनकि उनीहरूको

आस्थानुसार उनीहरूका इमामहरू मासूम अर्थात दोषमुक्त छन् ।
त कुरो यो सिद्ध भयोकि उनीहरूको नजिक इमाम र रसूल सन्देष्टा एउटै श्रेणीमा र दर्जामा विराजमान छन् दुवैमा कुनै भेद छैन र दुवैको कुरो एकनास छ ।

शीआहरूको भनाई छ किः इमामहरूको कथन अल्लाहको कथन हो, र तिनीहरूको कथनमा कुनै भिन्नता छैन, जसरी अल्लाहको कथनमा कुनै भिन्नता हुँदैन ( शरहुल् काफी लिल माजिन्दानी २/२७२ )
र शीआहरू मुसलमानहरूले आस्था राखेका हदीसहरूमा विश्वास राख्दैनन् बरु उनीहरूको लागि आफैले बनाएका भिन्न हदीसहरू छन् जसलाई उनीहरूले गढेका छन् । ( अल् मजाहिब वल् फेरकुल् मुआसेरः ले अब्दुर्रहीम अस्सुलमी )

# अल्लाहको पूजामा एकेश्वरवादको बारेमा शीआहरूको आस्था

शीआहरूले ऐकेश्वरवादका कुरआनी श्लोकहरूलाई आफ्ना इमामहरूको लागि विशेष गरेका छन्, जस्तोकि निम्नको आयतको बारेमा उनीहरूको धारणालाई हेर्नुस् !

﴿ وَلَقَدۡ أُوحِيَ إِلَيۡكَ وَإِلَى ٱلَّذِينَ مِن قَبۡلِكَ لَئِنۡ أَشۡرَكۡتَ لَيَحۡبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ ٱلۡخَٰسِرِينَ ٦٥ ﴾ الزمر: ٦٥

सही अर्थ : (र हे मोहम्मद !) निश्चित रूपले तपाईंमाथि र तपाईंभन्दा पहिला गुज्रिसकेका ( नबीहरू) माथि वह्य पठाइएको थियो कि “यदि तिमीले शिर्क गर्‍यौं ( अल्लाहको साथमा कसैलाई साझीदार ठह्रायौं ) भने तिमीले गरेका सबैकुरा अनिवार्य रूपले व्यर्थ भइहाल्नेछन् र तिमी अवश्य नै घाटामा पर्नेवालाहरूमध्येका हुनेछौ ।” ( सूरतुज्जुमर ६५ )

र **शीआहरूको यस आयतको बारेमा भनाई छ कि:** यदि तिमीले हजरत अलीको इमामतमा कसैलाई साझीदार ठह्रायौ भने तिम्रो सबै सुकर्म खेर जानेछ । ( तफ्सीरुस्साफी ४/३२८, अल् काफी १/४२७, तफ्सीरुल् कुम्मी २/२५१ )

त प्रष्ट यो हुन्छ कि शीआहरूको नजिक पूजामा अल्लाहलाई एक मान्नुको कुनै अर्थ नै छैन, बरु उनीहरू सूफिया भौं भन्छन् कि यसको अर्थात पूजामा एकेश्वरवादको अर्थ हो: अल्लाहलाई पालनकर्ता हुनुमा एक मान्नु, स्रष्टा हुनुमा एक मान्नु ... आदि । तर यो एकेश्वरवादको दोस्रो किसिमको अर्थ हो जसलाई अरबीमा दौहीदे रुबूबियत भनिन्छ अर्थात अल्लाहलाई त्यसको कार्यहरूमा एक मान्नु । ( अल् मजाहिब वल् फेरकुल् मुआसेर: ले अब्दुर्रहीम अस्सुलमी )

त प्रष्ट यो भयोकि शीआहरू अल्लाहको पूजाको साथ इमाम वा कुनै आर्काको पूजालाई कुनै निषेधित कुरा मान्दैनन् र नत त्यसलाई अवैधानिक मान्छन् बरु यसकुरालाई जायज ठान्छन् । र यो इस्लाम विरोधी कुरा हो यसै बहुदेववाद र शिर्कलाई मेटाउनको लागि अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम आउनु भएको थियो । र जुन तौहीदे रुबूबियतलाई यिनीहरू मान्छन् त्यसलाई त नास्तिकहरू बाहेक समस्त धर्मावलम्बीहरू मान्छन् र मक्काका काफिरहरू पनि यस तौहीदलाई मान्थे तर विवाद मात्र तौहीदे उलूहियत अर्थात पूजाको एकेश्वरवादमा नै थियो । तर जब उनीहरूले तौहीदे रुबूबियतलाई

स्वीकार गरेका थिए तै पनि उनीहरूलाई अल्लाहले काफिर भनेको छ भने यिनीहरू मुसलमान कसरी हुनसक्छन् आफै विचार गर्नुस् ।

# इमामहरूको बारेमा शीआहरूको आस्था

शीआहरूको यो आस्था छ कि इमामहरू अदृश्यका कुराहरू जान्दछन्, र सबै इमामहरू दोषमुक्त छन् । र यो आस्था पनि छ कि इमामहरूको कथन अल्लाहको कथन हो । र यो आस्था पनि छ कि इमामहरूलाई अल्लाहले आफ्नो नूरले (प्रकाशले) अविष्कार गरेको छ । र जब अल्लाहले आफ्नो धर्म इस्लामलाई मुहम्मदमाथि अवतरित गऱ्यो त उहाँले केही निर्देशन त सबैलाई बताए तर अधिकतम् निर्देशनहरू मात्र हजरत अलीको लागि विशेष गरे र मात्र अलीलाई नै बताए । ( अल् मजाहिब वल फेरकुल् मुआसेरः ले अब्दुर्रहीम अस्सुलमी ) र यिनीहरूको यो आस्था पनि छ कि इमामत इस्लामका स्तम्भहरू मध्ये एक हो जबकि हदीसमा प्रष्ट छ कि यो इस्लामको स्तम्भ होइन जस्तोकि बुखारीको हदीसमा वर्णन छ, रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो :

"بُني الإسلام على خمس: شهادة أن لا إله إلاَّ الله، وأنَّ محمداً رسول الله، وإقام الصلاة، وإيتاء الزكاة، وحجِّ البيت، وصوم رمضان"

अर्थ : इस्लामका पाँच आधारहरू छन्: लाइलाहा इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनु, नमाज कायम गर्नु, जकात (धर्मदाय) दिदै रहनु, कअ्बा (बैतुल्लाह)को हज्ज गर्नु, र रमजानको व्रत बस्नु । ( बुखारी, मुस्लिम )

र यो यति प्रसिद्ध हदीस छ कि सबै मान्छेहरूलाई यसबारे केही न केही त थाहा हुन्छ । तर यी मूर्खहरू यस हदीसलाई बेवास्ता गरी इमामतलाई इस्लामको आधार मान्छन् ।

र यति मात्र होइन बरु यिनीहरूको यो आस्था पनि छ कि इमामत नै सबैभन्दा श्रेष्ठ आधार हो । र इमाम मात्र हुसैनको सन्तान मध्येको नै हुन्छ कोही अरु इमाम हुन्सक्दैन ।

जबकि सत्य कुरो यो हो कि इमाम कोही पनि बन्न सक्छ यसको लागि हुसैनको सन्तति मध्येको हुनु जरुरी छैन । र इमामत इस्लामको आधार होइन बरु देशलाई संचालति गर्ने पद हो जुन मान्छे पनि यसकार्यलाई गर्नुमा सूक्ष्म हुन्छ त्यो इमाम बन्न सक्छ । किनकि इमामको अर्थ हो अगुवा सरदार, नायक ... आदि ।

र शीआहरूको यो पनि आस्था छ कि इमाम समस्त सृष्टि र अल्लाहको बीचमा माध्यम हो, बिना इमाम मान्छे आफै अल्लाहसित याचना

गर्न सक्दैन बरु इमामको मध्यस्ता जरुरी छ । यदि कसैले बिना इमामको याचना गऱ्यो भने त्यसको याचना अस्वीकृत हुनेछ । ( बेहारुल् अनवार २३/९७, २६/९७, २३/१०३, वसाइलुश्शीआ ४/१४२ )

र यो आस्था यिनीहरूले ईसाईहरूबाट लिएर आफ्नो आस्थामा थपेका छन् किनकि ईसाईहरूको यो आस्था छ कि पोपको सामुन्ने गएर आफ्नो पापलाई स्वीकार गर्नुपर्छ नत्र पापलाई क्षमा गरिदैन । त यसै धरणालाई यिनीहरूले पनि अपनाएर यसैमा विश्वास गरेका छन्, त यिनीहरूलाई मुसलमान कसरी भन्न सकिन्छ ।

# कअ्बाको (बैतुल्लाहको) बारेमा शीआहरूको आस्था

शीआहरूको भनाई छ किः जअ्फरले भन्नु भएको छ किः अल्लाहको लागि मक्का हरम हो, र रसूलको लागि मदीना हरम हो, र हजरत अलीको लागि कूफा हरम हो, र हाम्रो लागि कुम्म हरम हो । ( बहरूल् अनवार १०२/२६७ ) र यिनीहरूको यो पनि भनाई छ कि अली बिन हसनले भन्नु भयो कि : अल्लाहले कअ्बालाई हरम बनायो जुन कल्याणकारी छ, र करबलालाई कअबा भन्दा पहिला नै अविष्कार गऱ्यो र त्यसभन्दा अधिक कल्याणकारी र उत्कृष्ट बनायो, र यसलाई प्रलयको दिन स्वर्गको सबैभन्दा उत्कृष्ट धरती बनाउने छ । ( बेहारुल् अनवार १०४/१०७ )

# अल्लाहका नाम र विशेषताहरूको बारेमा शीआहरूको आस्था

शीआहरूले पहिला त भने कि अल्लाह त हामी सृष्टि झैं छ, अर्थात त्यसको हामी जस्तै शरीर छ, हामी जस्तै हात र पाइला छन्, हामी जस्तै अनुहार छ, हामी जस्तै क्रोधित हुन्छ, र प्रसन्न हुन्छ .... आदि । तर पछि आएर उनीहरूले अल्लाहका समस्त नाम र विशेषताको इन्कारी बने । र भन्नथाले कि हजरत अली नै पालनकर्ता हुन् । ( उसूलुल् फेरक वल्अदियान वल् मजाहिबिल् फिक्रीया ले सफर बिन अब्दुर्रहमान अल् हवाली, अल्मजाहिब वल् फेरकुल् मुआसेरह ले अब्दुर्रहीम अस्सुलमी )

र यी दुवै आस्थाहरू अर्थात अल्लाहलाई सृष्टि झैं मान्नु वा त्यसका नाम अथवा विशेषताको इन्कार गर्नु जायज छैन बरु यसो गरेमा मान्छे इस्लामबाट निष्कासित भइहाल्छ किनकि अल्लाहको फर्मान छ :

﴿ فَاطِرُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۚ جَعَلَ لَكُم مِّنۡ أَنفُسِكُمۡ أَزۡوَٰجٗا وَمِنَ ٱلۡأَنۡعَٰمِ أَزۡوَٰجٗا يَذۡرَؤُكُمۡ فِيهِۚ لَيۡسَ كَمِثۡلِهِۦ شَيۡءٞۖ وَهُوَ ٱلسَّمِيعُ ٱلۡبَصِيرُ ١١ ﴾ الشورى: ١١

अर्थ : ऊ आकाशहरू र धरतीको स्रष्टा हो। उसले तिम्रो निम्ति तिम्रै सहजातिबाट जोडी बनायो र चौपायाहरूको जोडी पनि। यस्तै तरिकाले तिमीलाई यहाँ फैलाइ रहेको छ। ऊ जस्तो कुनै कुरा छैन, र ऊ सुन्दछ र जान्दछ। ( सूरतुश्शूरा ११ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلِلَّهِ ٱلْأَسْمَآءُ ٱلْحُسْنَىٰ فَٱدْعُوهُ بِهَا ۖ وَذَرُوا۟ ٱلَّذِينَ يُلْحِدُونَ فِىٓ أَسْمَـٰٓئِهِۦ ۚ سَيُجْزَوْنَ مَا كَانُوا۟ يَعْمَلُونَ ﴿١٨٠﴾ ﴾ الأعراف: ١٨٠

अर्थ : र राम्रा-राम्रा नाम अल्लाहकै लागि हुन्। यसर्थ ती नामहरूद्वारा नै उसलाई पुकार र यस्ता मानिस सित सम्बन्ध पनि नराख जो उसको नामको सम्बन्धमा कुटिलता गर्छन्। यिनीहरू यसका निम्ति अवश्य नै दण्ड पाउने छन्। ( सूरतुल् अअ्राफ १८० )

त दुवै श्लोकबाट यो प्रष्ट हुन्छ कि अल्लाहका लागि नाम र विशेषता त छन् तर त्यस जस्तो कोही पनि छैन र नत त्यसको नाम र विशेषता नै कसै जस्ता छन्। किनकि हाम्रा नाम र विशेषताहरू कसैको देन हुन् त्यसमा कमी कम्जोरी छन्। यसकुरालाई उदाहरणले बुझ्नुस् जसरी म दानी छु अथवा शक्तिशाली छु तर म

सबै कुरामा शक्तिशाली छैन केही गर्नसक्छु त केही गर्नुमा म शक्तिमान छैन, तर हाम्रो पालनकर्ता समस्त कुरामा सूक्ष्म र शक्तिमान छ सबै गर्न सक्छ त त्यसको यो विशेषता पूर्ण छ र त्यो यस विशेषतामा निपुण छ । तर म निपुण छैन किनकि म सबै कुरा गर्नुमा सामर्थ्यवान छैन । त अब दुवैको विशेषता एकनास कसरी हुन्सक्छ आफै विचार गर्नुस् ।

र कुरो बाँकी रह्यो अल्लाहका विशेषताको इन्कारको त हामी त्यस कुराको कसरी इन्कार गर्नसक्छौं जुन अल्लाहले आफ्नो लागि आफै वर्णन गरेका छन् जसरी उपरोक्तका श्लोकहरूबाट सिद्ध भइसकेको छ ।

यसै कारण अहलुस्सुनह वल जमाअहको यो आस्था छ अर्थात समस्त सुमार्गी मुसलमानहरूको यो आस्था छ कि अल्लाहका राम्रा राम्रा नाम र विशेषताहरू छन् तर कुनै सृष्टिको नाम र विशेषता झैं छैनन् बरु भिन्न छन् ।

र शीआहरूको बारेमा इमाम राजीको भनाई छ कि : अल्लाहलाई सृष्टि जस्तो भन्ने कुरा शीआहरूले आरम्भ गरेका हुन्, र ती मध्ये सर्वप्रथम हिशाम बिन हकम, हिशाम बिन

सालिम अल जवालकी, यूनुस बिन अब्दुर्रहमान अल् कुम्मी, र अबू जअ्फर अल् अहवल हुन् ।
र शैखुल इस्लाम इब्ने तैमियाको भनाई छ : कि इस्लाममा सर्वप्रथम जसले यो भन्योकि अल्लाह शरीर हो त्यो मान्छे हो हिशाम इब्नुल् हकम । ( मिन्हाजुस्सुन्न: १/२० )
र शीआहरूको यो पनि आस्था छ कि इमामहरू नै अल्लाहका नाम हुन् । ( उसूलुल् काफी १/१४३ )
र यिनीहरूको यो आस्था पनि छ कि हजरत अली अल्लाहका ज्ञान हुन्, र अल्लाहको हृदय, आँखा, जिब्रो र हात हुन् । ( बेहारुल् अनवार २४/१९८ )
र यिनीहरूको यो पनि आस्था छ कि यिनीहरू नै अल्लाहको त्यो अनुहार हुन् जुन कहिले पनि नाशवान हुँदैन । ( तफ्सीरुस्साफी ४/१०८, बेहारुल् अनवार २४/२०१ )
र यिनीहरूको यो पनि आस्था छ कि यिनीहरूको इमाम सबै कुराको ज्ञानी छ, अदृश्यलाई हेर्छ, र अदृश्यका कुराहरूलाई जान्दछ, र भविष्यको ज्ञानी छ । ( उसूलुल् काफी १/२६१ )
अब तपाईहरू आफै नै फैसला गर्नुस् कि यिनीहरूलाई कसरी मुसलमान भन्न सकिन्छ ।

# फरिश्ताहरूको बारेमा शीआहरूको आस्था

शीआहरूको आस्था बमोजिम फरिश्ताहरू ( स्वर्गदूतहरू) हजरत अलीको नूरले सृष्टि गरिएका हुन् । यिनीहरूको भनाई छ कि अल्लाहले हजरत अलीको अनुहारको प्रकाशबाट सत्तरी हजार फरिश्ताहरूलाई सृष्टि गऱ्यो । ( बेहारुल् अनवार २९/३२० )

र यिनीहरूको यो आस्था पनि छ कि ती फरिश्ताहरू जुन कुनै कार्य गर्दनन् तिनीहरू हुसैनको चिहानमा बसी रोई रहन्छन् । ( वसाइलुश्शीआ १०/३१८, कन्ज जामेउल् फवाइद पे.३३४ )

# आकस्मिक ग्रन्थहरूको बारेमा शीआहरूको आस्था

मैले पहिला नै यो वर्णन गरिसकेको छु कि यिनीहरू भन्छन् कि पवित्र कुरआन जुन आज मुसलमानहरूको हातमा छ त्यो पूर्ण छैन, बरु पूर्ण कुरआन त मुसहफ् फतिमा हो जुन हजरत अलीसंग थियो, र जसलाई लिएर यिनीहरूको बारहौं इमाम सामरा नामक स्थानको सरदाबमा अदृश्य भए, र अहिले कसै सित पूर्ण कुरआन

छैन । र यस बाहेक यिनीहरूको यो पनि आस्था छ कि अल्लाहले बारहवटा सहीफाहरू अवतरित गरेको छ जसमा यिनीहरूका बारहवटै इमामहरूको विशेषता र श्रेष्ठताहरूको वर्णन छ । यो कथन कमालुद्दीन कुम्मीको हो । र काफीको लेखकले भनेको छ कि इमामहरूको पास समस्त आकस्मिक ग्रन्थहरू छन्, र उनीहरूलाई समस्त ग्रनथहरूको ज्ञान पनि छ चाहे त्यो ग्रन्थ जुनसुकै भाषामा पनि होस् । ( अल् काफी १/२२६ )

# सन्देष्टाहरूको बारेमा शीआहरूको आस्था

शीआहरूको आस्था छ कि यिनीहरूका इमामहरू सन्देष्टाहरू भन्दा श्रेष्ठ छन् । यसै कारण यिनीहरूको बारेमा काजी अयाज रहेमहुल्लाह भनेका थिए कि जसले पनि इमामलाई सन्देष्टहरू माथि उत्कृष्टता दिन्छ त्यसलाई काफिर भन्नुमा कुनै दोष छैन । र शीआहरूको पुस्तक बेहारुल् अनवारमा वर्णन छ कि इमामहरू समस्त सन्देष्टाहरू र समस्त सृष्टिहरू भन्दा श्रेष्ठ छन । ( बेहारुल् अनवार २६/२६७ ) र यिनीहरूको यो आस्था पनि छ कि अल्लाहले इमामहरूलाई यस्ता यस्ता विचित्र चमत्कार प्रदान गरेको छ जुन कुनै सन्देष्टालाई पनि प्रदान गरेन । यिनीहरूको भनाई छ कि अमीरुल् मूमिनीन हजरत अलीले भन्नु भयोः मलाई यस्ता यस्ता चमत्कार प्रदान गरियो जुन मभन्दा पहिला कसैलाई प्रदान गरिएन, मलाई मृत्युको बारेमा ज्ञान छ, र विपत्तिको बारेमा पनि ज्ञान छ, र मलाई वंशको बारेमा सबैभन्दा अधिक ज्ञान छ, र मलाई त्यो सबै थाहा छ जुन कुनै सृष्टिलाई थाहा छैन । ( उसूलुल् काफी १/१९६ )

र शीआहरू हजरत अलीलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम भन्दा श्रेष्ठ मान्छन् र यो कुराको

अविष्कारी हो उल्बा बिन दिराअ् जसले सर्वप्रथम यो कुरा भन्यो र यो व्यक्ति शीआहरूको ठूलो विद्वानहरू मध्ये एक हो । ( बेहारुल् अनवार २५/१९६ )

अब तपाईहरू नै निसाफ गर्नुस् कि जुन समूह रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि कसैलाई श्रेष्ठ मानोस् के त्यो मुसलमान हुन्सक्छ ?

# भाग्य र प्रलयको दिनको बारेमा शीआहरूको आस्था

शीआहरूको भनाई छ कि: प्रलयको बारेमा इमामहरूलाई नै राम्ररी थाहा छ, र उनीहरू नै त्यस दिन कर्ताधर्ता हुनेछन्, अर्थात त्यस दिन उनीहरूको नै हुकुम लागू हुनेछ । जसलाई चाहन्छन् स्वर्गमा प्रवेश गराउँछन् र जसलाई चाहन्छन् नर्कमा हाल्छन् । ( अल् काफी १/४०९ )

र शीआहरूको यो आस्था पनि छ कि चिहानमा जुन प्रश्न सर्व प्रथम मान्छेसित गरिन्छ त्यो इमामहरूको बारेमा हुनेछ । ( बेहारुल् अनवार २७/७९ )

जबकि सही हदीसबाट प्रमाणित छ कि चिहानमा तीन प्रश्न गरिन्छ जस मध्ये एउटा अल्लाहको बारेमा हुनेछ, र आर्को धर्म इस्लामको बारेमा हुनेछ, र तेस्रो मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको बारेमा हुनेछ ।

र शीआहरूको यो धारणा पनि छ कि शीआहरू समस्त सृष्टिहरू भन्दा पहिला स्वर्गमा प्रवेश गर्ने छन् । ( वसाइलुश्शीआ १०/३३१ )

र शीआहरूको यो धारणा पनि छ कि प्रलयको दिन इमामहरूको हातमा नै हिसाब किताब हुनेछ, र पुल सेरात, तराजु (तुला) र स्वर्ग र

नर्क उनैको अधीन हुनेछ । ( रिजालुल् कश्शी पे.३३७ )

र अधिकतम् शीआहरू भाग्यको इन्कारी छन् जस्तोकि शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ कि: पहिला त शीआहरूले भाग्यलाई मान्थे तर पछि आएर त्यसको इन्कारी बने । ( मिन्हाजुस्सुन्नह २/२४, उसूलुल् फेरक वल् अदियान वल् मजाहिबिल् फिक्रीया ले सफर बिन अब्दुर्रहमान अल् हवाली )

र शीआहरूको यो आस्था पनि छ कि मान्छेको कर्मलाई अल्लाह अविष्कार गर्दैन बरु मान्छे आफै त्यसको निर्माता हो । ( वसाइलुश्शीआ पे.८०, कलाइदुल् खलाइक पे.६० )

# शीआहरूको बारहवटै इमामहरूको एक झलक

शीआहरू १२ इमामहरूलाई मान्दछन् र सबैलाई दोषमुक्त मान्छन् । र उनीहरूलाई समस्त नबीहरूमाथि श्रेष्ठ मान्छन् । र कतिपय शीआहरू त उनीहरूलाई पूज्य नै मान्छन् जुन जघन्य अपराध हो । शीआहरूका बारहवटै इमामलाई हेर्नुस् !

**पहिलो इमामः** अमीरुल मूमिनीन हजरत अली रजिअल्लाहो अन्हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमको चौथो उत्तराधिकारी (खलीफा) । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.११३ )

**दोस्रो इमामः** अबू मुहम्मद अल्हसन बिन अली अल् मुज्तबा रजिअल्लाहो अन्हुमा, उहाँको जन्म २ वा ३ हिज्रीमा मदिना नगरमा भएको थियो, र उहाँ रसूल सल्लल्लाहो अलैहे वसल्लमकी छोरी फतिमाको पहिलो संतान हुन् । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.१४१ )

**तेस्रो इमामः** अबू अब्दुल्लाह अल्हुसैन बिन अली, रजिअल्लाहो अन्हुमा, उहाँको जन्म पनि मदिना नगरमा ३ वा ४ हिज्रीमा भएको थियो, र यिनैलाई करबलामा शहीद गरिएको थियो । (

अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.१५० )

**<u>चौथो इमामः</u>** अली इब्नुल् हुसैन बिन अली जैनुल आबेदीन, उहाँको जन्म मदीना नगरमा ३६ वा ३८ हिज्रीमा भएको थियो, र उहाँको निधन पश्चात उहाँलाई मदीनाको प्रसिद्ध कब्रस्तान बकीअ्मा दफ्नाइयो । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.१६४, वफीयातुल् अअ्यान ३/२६७ )

**<u>पाँचौं इमामः</u>** अबूजअ्फर मुहम्मद बिन अली अल् बाकिर, मदीना नगरमा ५६ वा ५७ हिज्रीमा उहाँको जन्म भयो, र ११४ हिज्रीमा उहाँको निधन भयो । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.१७१, एअ्लामुल् वरा बे एअ्लामुल् हुदा पे. २६४ )

**<u>छठौं इमामः</u>** अबू अब्दुल्लाह जअ्फर बिन मुहम्मद अस्सादिक, उहाँको जन्म ८० हिज्रीमा भयो, र मृत्यु १४८ हिज्रीमा भयो, र बकीअ् नामक मदीनाको प्रसिद्ध कब्रस्तानमा दफनाइयो । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे. १७६, वफीयातल् अअ्यान पे. ३२७ )

**<u>सातौं इमामः</u>** अबुल् हसन मूसा बिन जअ्फर अल् काजिम, अबवा नामक स्थानमा १२८

हिज्रीमा उहाँको जन्म भयो, र १८३ हिज्रीमा बग्दादमा उहाँको निधन भयो । ( ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.१८५, मुकतिलुत्तालिबीन पे. ५०४ )

**आठौं इमामः** अबुल् हसन अली बिन मूसा अर्रेजा, उहाँको जन्म १४८ हिज्रीमा भयो, र उहाँको निधन २०३ हिज्रीमा भयो । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.२०१ )

**नवौं इमामः** अबू जअ्फर मुहम्मद बिन अली अल् जौवाद, मदीनामा रमजानको महिनामा १९५ हिज्रीमा उहाँको जन्म भयो, र उहाँको निधन २२० हिज्रीमा भयो । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे. २०३ )

**दशौं इमामः** अबुल् हसन अली इब्ने मुहम्मद अल् हादी, उहाँको जन्म २१२ हिज्रीमा भयो, र २४३ हिज्रीमा उहाँको निधन भयो । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे. २०६,२११, इस्बातुल् वसीअह पे.२५६ )

**ग्यारहौं इमामः** अबू मुहम्मद अल्हसन बिन अली अल् अस्करी, उहाँको जन्मको बारेमा विद्हरूको

मतभेद निम्न प्रकारले छ २३१,२३२,२३६, हिज्री, र निधन २६० हिज्रीमा भयो । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे.२१२ )

<u>**बारहौं इमामः**</u> अल् मेहदी अल् मुन्तजर मुहम्मद इब्नुल् हसन् अल् अस्करी, उहाँको जन्म २५५ हिज्रीमा भएको हो यस्तो शीआहरूद्वारा वर्णन गरिन्छ । ( अजवाअ् अला अकाएदिश्शीआ ले शैख जअ्फर सिजिस्तानी पे. २१८ )

तर मुसलमान विद्हरूलाई यस मान्छेको बारेमा सन्देह छ । र यो नै त्यो इमाम हुन् जसको प्रतिक्षा शीआहरू गरिराखेका छन् र भन्छन् कि सरदाबमा उनी अदृशय भएका छन् र प्रलय अघि फेरि आउने छन् । र मुसलमानहरूलाई मार्ने छन् .... आदि ।

यसबारेमा शैख सफर हवालीको भनाई छ कि यिनीहरूको ग्यारहौं इमाम अल्हसन अस्करीको जब मृत्यु भयो र उहाँले कुनै संतान आफ्नो पछाडि छाडेनन् त शीआहरू अति चिन्तित भए अनि यो भन्नथाले कि हसन असकरीको एउटा छोरो थियो जसको नाम मुहम्मद थियो र त्यो बाल्यकालमा नै सरदाबमा अदृश्य भएछ, र फेरि आउनेछ । ( उसूलुल् फेरक वल् अदियान वल्

मजाहिबिल फिक्रीया लेशैख सफर हवाली पे. ७६
)

# सहाबाहरूको बारेमा शीआहरूको आस्था

शीआहरूले सहाबाहरूलाई गाली गर्छन् । र उनीहरूलाई काफिर भन्छन् । र केही सहाबा बाहेक सबैलाई इस्लामबाट निष्कासित भन्छन् । र हजरत अबू बक्र, र हजरत उमरलाई शैतान भन्छन् र यसै जस्ता अरु उपाधिहरूबाट सम्बोधित गर्छन् । र उम्मुल् मूमिनीन रसूल सल्लल्लाहो अलैहे वसल्लमकी प्रिय स्वास्नी हजरत आइशालाई चरित्रहीन भनेर गाली गर्छन् ... आदि ।

शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ किः राफेजा (शीआ)हरू भन्छन् कि मुहाजिर (प्रवासी)हरू र अन्सारहरूले कुरआनका श्लोकहरूलाई लुकाए यसैकारण इस्लामबाट निष्कासित भए । ( अल्फतावा ३/२५६ लेशैखुल् इस्लाम इब्ने तैमिया )

र यिनीहरूको बारेमा शैख सफर हवाली भन्नुहुन्छः कि शीआहरू भन्छन् किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत अलीलाई आफ्नो उत्तराधिकारी र इमाम नियुक्त गर्नु भएको थियो, र कुरआनमा यसको बारेमा श्लोकहरू अवतरित भएका थिए, तर सहाबाहरूले यसलाई लुकाउनुमा सहमति गरे, र

हजरत अलीबाट इमामत खोसे यसै कारण केही सहाबा बाहेक सबै सहाबाहरू इस्लामबाट निष्कासित भए । ( उसूलुल् फेरक वल् अदियान वल् मजाहिबिल् फिक्रीया लेशैख सफर बिन अब्दुर्रहमान अल् हवाली )

र यस जस्ता अत्याधिक पाखण्डहरूबाट शीआहरूका किताबहरू पूरिएका छन् उदाहरणको लागि एक दुईलाई तपाई पनि हेर्नु होस् !

शीआहरूको भनाई छ कि : हजरत अबू बक्र र उमर, एवं उसमानलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको उत्तराधिकारी बनाउनुको कारणले सहाबाहरू इस्लामबाट निष्कासित भए । ( रेजालुल् कश्शी पे. ६, अल् काफी २/२४४, तफ्सीरुल् अयाशी १/१९९ )

र शीआहरूको भनाई छ किः इब्लीस शैतान नर्कमा अबू बक्र र उमर र उसमान भन्दा राम्रो श्रेणीमा हुनेछ । ( अल् मआलेमुज्जुल्फी पे. ३२५ )

र यस जस्ता अरु कतिपय कथनहरू छन् जसमा यिनीहरूले सहाबाहरूलाई गाली गरेका छन् र यो कार्य यिनीहरूको आस्थाको अटूट अङ्ग हो ।

**सहाबीको अर्थ :** सहाबीको अर्थ हो, त्यो व्यक्ति जसले ईमानको अवस्थामा रसूल सल्लल्लाहो

अलैहे वसल्लमसित भेटेको होस् र ईमानको अवस्थामा नै त्यसको मृत्यु पनि भएको होस्। ( बुखारी किताबु फजाइलु असहाबिन्नबी )

र सहाबाको बारेमा अहलुस्सुनः वल जमाअःको ( समस्त सुमार्गी मुसलमानहरूको) आस्था छ किः समस्त सहाबाहरू सदाचारी, सुमार्गी, र सत्यवान छन्। उनीहरूमा कुनै प्रकारको खोट र कुटिलता छैन। र उनीहरू अल्लाह र अल्लाहका रसूलसित राजी र प्रसन्न भए, र अल्लाह र अल्लाहका रसूल उनीहरूसित रजी र प्रसन्न भए। र यो आस्था पनि छ कि सहाबाहरू दोषमुक्त छैनन् तर उनीहरूको दोषलाई अल्लाहले क्षमा प्रदान गरिसकेको छ। र रसूल सल्लल्लाहो अलैहे वसल्लम बाहेक यस संसारमा कोही पनि दोषमुक्त छैन चाहे त्यो सहाबी होस् वा अरु कुनै व्यक्ति, चाहे शीआहरूका इमाम हुन् वा प्रतिष्ठित नबी।

र यो आस्था पनि छ कि सहाबाहरू यस उम्मतका सर्वश्रेष्ठ व्यक्तिहरू थिए, र उनीहरूले दान गरेका एक मुठ्की पनि उनीहरू पश्चातका मान्छेहरूको उहुद पर्वत बराबर गरेको दान भन्दा अधिक ठहर हुनेछ जस्तोकि हदीसमा र्वणन छ :

لا تسبوا أصحابي فوالذي نفسي بيده لو أن أحدكم أنفق مثل أحد ذهبا ما بلغ مد أحدهم ولا نصيفه (رواه البخاري)

अर्थ : मेरो साथीहरूलाई गाली न गर, त्यस जातको शपथ जसको हाथमा मेरो ज्यान छ यदि तिमी मध्ये कोही उहुद पहाड बराबर सुन खर्च गर्छ (दान दिन्छ) तै पनि मेरो साथीहरूको एक मुठ्ठी (मुठ्की) एंव आधा मुठ्ठीलाई पनि पुग्न सक्दैन । ( बुखारी )

र उहाँहरूको बारेमा अल्लाहको हदीसे कुदसीमा भनाई छ :

إعملوا ما شئتم فقد غفرت لكم (رواه البخاري)

अर्थ : मैले तिमीहरूलाई माफ (क्षमा) गरें तिमीहरू जे चाहे गर । ( बुखारी ) ( अल् अकीदतुल् वासेतीया ले शैखुल् इस्लाम इब्ने तैमिया, उसुदुल् गाबा फी मअरेफतिस्सहाबा खण्ड १ काहेराबाट प्रकाशित भएको संकलन, अल् इस्तेआब फी मअ्रेफतिल् अस्हाब, शरहुत्तहावीया, अल् अकीदतुस्सफारीनीया, अद्दुर्रदुल् मुजीअ: )

र उनीहरूको बारेमा समस्त उममतको आस्थालाई शैखुल इस्लाम इब्ने तैमियाले आफ्नो किताब " **अल् अकीदतुल् वासेतीया** "मा

विस्तारले वर्णन गर्नु भएको छ, जसलाई मैले “ **सत्य आस्था**”को नामले अनुवाद गरेको छु यस सम्बन्धमा विस्तृत जानकारीको लागि उपरोक्तको अनुवादलाई अवश्य पढनु होला ।

# अल् महदीउल् मुन्तजर (प्रतिक्षित महदी) शीआहरूको विचारमा

मुसलमानहरू जस महदीको प्रतिक्षा गरिरहेका छन् त्यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले पूणतः प्रष्ट पारिदिनु भएको छ कि उहाँ प्रलय नजिक आउने छन् र यसकुरामा समस्त मुसलमानहरूको एकमत छ ।

तर शीआहरूको आस्था के छ भने उनीहरूको भनाई छ कि उनीहरूको बारहौं इमाम नै महदी हो जुन अहिले त अदृश्य छ तर केही समय पछि अवश्य प्रकट हुनेछ । र यस बारहौं इमामको पूर्ण नाम होः मुहम्मद इब्नुल् हसन बिन अली, बिन मुहम्मद, बिन अली, बिन मूसा, बिन जअ्फर, बिन मुहम्मद, बिन अली इब्नुल् हुसैन, बिन अली बिन अबीतालिब । ( अकाइदुस्सुन्नः व अकाइदुश्शीअः ले स्वालेह अल् वरदानी पे.नं.१७७ )

र शैख सफर हवालीको भनाई छ किः शीआहरूको आस्था छ कि इमामहरूको संख्या बारह छ, जसमध्ये पहिलो इमाम अली रजिअल्लाहो अन्हो हुन्, फेरि अल् हसन, फेरि अल् हुसैन, फेरि अली इब्नुल् हुसैन जसको आमा फारसको राजाकी छोरी थिइन्, फेरि यसै इमामको वंशमा इमामतलाई सीमित भन्छन् । र

यिनीहरूको कथनानुसार बारहौं इमाम मुहम्मद बिन हसन अल असकरी हुन् जहाँको बारेमा यिनीहरूको भनाई छ कि उहाँ २६१ हिज्रीमा सामरा नामक स्थानको सरदाबमा अदृश्य भएका छन्, र अन्तिम युगमा फेरि प्रकट हुनेछन्, र हजरत दाऊदको शरीअतलाई लागू गर्नेछन्, र सहाबाहरूलाई र समस्त सुन्नी मुसलमानहरूलाई वध गर्नेछन् । ( उसूलुल् फ्रक वल् अदियान वल् मजाहिबिल फिक्रीया लेशैख सफर बिन अब्दुर्रहमान अल् हवाली पे. ४१ )

त उपरोक्तका कुराहरूबाट प्रष्ट यो भयोकि शीआहरूको धर्म मुसलमानहरूको धर्मबाट भिन्न छ । र जसले पनि शीआलाई मुसलमान भन्छ त्यसलाई शीआको बारेमा ज्ञान नै छैन वा त्यो मूर्ख छ ।

त हे भाइ ! शीआहरू मुसलमान होइनन् बरु यिनीहरूले ईसाई, यहूदी, हिन्दु र प्राचीन धर्महरूबाट निर्देशनहरू लिएर आफ्नो आस्थाको निर्माण गरेका हुन् । र यिनीहरू मुसलमान हूँ भनेर इस्लामलाई हनि पुऱ्याई रहेका छन्, यिनी पाखण्डीहरूबाट बाँच्नु होला । अल्लाहसित याचना छ कि अल्लाह हामीलाई सही ज्ञान प्रदान गरुन् र मित्र र शत्रुको पहिचान गर्ने क्षमता प्रदान गरुन्, र हामीलाई यिनी पाखण्डीहरूबाट

जोगाउन्, र इस्लाममाथि सुदृढ रहने शक्ति प्रदान गरुन्, र हामीलाई सहाबाहरु र रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रेम गर्ने र उनीको अनुशरण गर्ने सुअवसर प्रदान गरुन्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिमा हिंड्ने शक्ति प्रदान गरी हामीहरुलाई सुन्नतको सेवक बनाउन्, र सुन्नतको प्रचारक बनाई हामीलाई पनि प्रलयको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथ स्वर्गमा स्थान प्रदान गरुन् । आमीन

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-atiqkhannp1982@yahoo.com